१६५

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. १२१/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत .....................................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख(सचिव), कानुन न्याय तथा संविधान सभा र संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाडौं .१ विपक्षी
सूचना अधिकारी, कानुन न्याय तथा संविधान सभा र संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाडौं...१

विषय :- सूचना उपलब्ध भएकाले लगत कट्टा गर्ने ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतलेले कानुन न्याय तथा संविधान सभा र संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।२५ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।०२ को आदेश कार्यान्वयनका लागि मिति २०७१।०९।०२, च.नं.६८६/३२३ को पत्र मार्फत कानुन न्याय तथा संविधान सभा र संसदीय मामिला मन्त्रालयमा पठाइएकोमा तहाँको मिति २०७१।१०।२१, च.नं. ६३५ को पत्रबाट निवेदकलाई माग गरेको सूचना उपलब्ध गराई यस कार्यालयलाई समेत बोधार्थ दिएको देखिदा यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।